स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विपिन कार्की र मिरुना मगरलाई शीर्ष भूमिकामा लिएर कथानक फिल्म 'ऊनको स्वीटर' बन्न लागेको खबर पहिले नै सार्वजनिक भएको थियो । अब भने निर्माताले पत्रकार सम्मेलन गर्दै फिल्म निर्माणको औपचारिक घोषणा गरेका छन् । यो सोसल ड्रामा फिल्मको निर्माण आर्टमाण्डु मिडिया र निर्देशन नवीन चौहानले गर्नेछन् । पत्रकार सम्मेलनमा फिल्मको लाइनअप र ऋुबारे सार्वजनिक गर्दै शीर्ष गीत समेत प्रस्तुत गरियो । संगीतकार सुजन चापागाईंले फिल्मको विषयवस्तुबारे जानकारी गराए ।

आजको विचार...



नेपालमा... (दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



अभिनेता दीपकराज गिरीले आगामी भदौ २१ गतेदेखि मल्टिप्लेक्स सिनेमा हल सञ्चालनमा ल्याउने भएका छन् । शाहरुख खान स्टारर बलिउड फिल्म 'जवान' रिलिजसँगै नयाँ बानेश्वरको बानेश्वरमा मलस्थित हललाई औपचारिक रुपमा सञ्चालनमा ल्याउने उनले निधो गरेका हुन् । 'जवान' रिलिजको दुई साताअघि 'सफ्ट-लन्च' गर्ने तयारी छ । हल सञ्चालक तथा अभिनेता गिरीले 'जवान' स्क्रिनिङसँगै मल्टिप्लेक्स चल्ने र त्यसको दुई साताअघि सफ्ट-लन्चको तयारी भइरहेको बताए ।

❒ वर्ष २९ ❒ अंक २ ❒ २०८० साउन २ गते मंगलबार 18 July 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### रातो प्लेट गाडीले यात्रु बोके कारवाही

**गुल्मी,** साउन १/रातो नम्बर प्लेट (निजी सवारी) ले यात्रु बोके कारवाही गरिने भएको छ । जिल्लाका विभिन्न ठाउँहरुबाट रातो नम्बर प्लेटका गाडीले यात्रु बोकेको भन्ने गुनासो आएपछि ईलाका प्रहरी कार्यालय रिडीले त्यस्ता गाडीलाई कारवाही गर्ने भएको हो ।

रुरुक्षेत्र गाउँपालिका- १ रिडी बसपार्कमा भएको सवारी न्यूनिकरण सम्बन्धी एक दिने जनचेतनामूलक कार्यक्रममा ईलाका प्रहरी कार्यालय रिडीका प्रहरी निरीक्षक यमलाल बंजाडेले निजी सवारीले यात्रु बोकेको थाहा पाए कारवाही गर्ने बताएका हुन् । उनले ब्यवसायी समितिको टिकट काउण्टरबाट यात्रुले टिकट काट्नु पर्ने, यातायातका साधन जुन प्रयोजनका लागि अनुमति लिइएको हो त्यही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने, रातो प्राइभेट सवारी साधनले यात्री बोक्न नपाउने, चालक सहचालक तथा यात्रामा रहेका यात्रुले पूर्णरुपमा ट्राफिक नियमको पालना गर्नुपर्ने, अवधी नाघेका सवारी साधनहरु गुडाउन नपाउने बताएका थिए । पश्चिम नेपाल बस ब्यवसायी प्राइभेट लिमिटेड रिडीका इन्चार्ज ज्ञानेन्द्र रावलले हरेक सवारी साधनमा तोकिएको भाडा दर टासिने, यात्रा गर्दा कालो प्लेटमा यात्रा गर्नु पर्ने सवारी धनिले तोकिएको भाडा भन्दा बढी लिइएमा आफ्नो कार्यालय वा प्रहरीलाई तत्काल खबर गर्न आग्रह गरे ।

# ढोलीमारा किवीले हराभरा

## बाँदरले मकै खाने बारीमा सामूहिक किवी खेती

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १/जिल्लाको पूर्वखोला गाउँपालिका -२ जल्पाको ढोलीमारा यति बेला किवीले हराभरा भएको छ । ७ वर्षअघिसम्म बाँदरबाट मकैबारी जोगाउन मुस्किल पर्ने ढोलीमाराका बारीहरु यतिबेला किवीले हराभरा देख्न सकिन्छ । अहिले व्यावसायिक रुपमा किवी खेती थालिएपछि एकातिर बाँदरबाट बाली जोगिएको छ भने अर्कोतिर किसानले सामूहिक रुपमा थालेको व्यवसायिक किवीबाट सफलता पाउन थालेका छन् ।

यहाँका स्थानीय मिलेर सामुहिक रुपमा २५ रोपनी क्षेत्रफलमा व्यवसायिक किवी खेती गरेका छन् । चिसो हावापानी रहेको ढोलीमाराको घोर्ले खर्कका बारीमा ५ हजार बोट किवी रहेका छन् । जहाँ लटरम्म किवी फलेको छ । यहाँका ढोलीमारा कबुलियत वन समूह र बेन्डाँडा कबुलियत वन समूहमा आवद्ध कृषकहरुले २०७३/०७४ बाट किवी खेती थालेका हुन् । यहाँका ६० घर परिवार समूहमा आवद्ध रहेका छन् । उनीहरुले सुरुमा ५/६ बोटबाट खेती सुरु गरेका थिए । त्यसबाट राम्रो उत्पादन हुन थालेपछि



अहिले ५ हजार विरुवा लगाएका छन् । यहाँ ५ वर्षको लागि जग्गा भाडामा लिएर सामूहिक खेती गरिएको छ । विस्तारै किवीले उत्पादन दिन थालेको बेण्डाँडा कबुलियत वन समूहका अध्यक्ष चित्रबहादुर कुंवरले बताए । उनका अनुसार गत वर्ष एक क्विन्टर किवी उत्पादन भएको थियो । यहाँ एलिसन र हेवार्ड प्रजातीको किवी लगाइएको छ । किवीका लागि यहाँको जमिन र हावा पानी उपयुक्त रहेकाले उत्पादन पनि राम्रै हुनेमा विश्वास लिइएको ढोलीमारा कबुलियत वन समूहका अध्यक्ष पहलसिं घर्ती मगरले बताए । किवी खेतीका लागि गोठको प्राङ्गारिक मल मात्र प्रयोग गरिने र अन्य रासायनीक मल तथा विषादी नहालिने भएका कारण यहाँ अग्रानिक किवी उत्पादन हुने गरेको छ । यहाँ उत्पादन किवी स्थानीय बजारमै विक्री हुने गरेको छ । प्रतिकिलो ३ सय देखि ५ सय सम्म मूल्य पर्ने गरेको जनाइएको छ ।

किवी खेतीका लागि डिभिजन वन कार्यालय पाल्पा र पूर्वखोला गाउँपालिकाले सहयोग गरेका छन् । वन कार्यालयले व्यवसायिक खेतीका लागि विरुवा सहयोग गरेको छ भने गाउँपालिकाले तार, जाली, ट्रस सहयोग गरेको छ । गाउँपालिकाले ढोलीमारालाई गत वर्ष किवी पकेट क्षेत्र समेत घोषणा गरेको थियो । केही दिन अघि डिभिजन वन कार्यालयले पत्रकारसहितको टोलीबाट किवी खेतीको अवलोकन समेत गरेको थियो । अवलोकनमा पुगेका डिभिजन वन अधिकृत नारायणदेव भट्टराईले गरे के हुन्न भन्ने उदाहरण ढोलीरामका कृषक बनेको बताए । उनले बाँदरबाट हैरानी भएका कृषकले परम्परागत खेती छोडेर व्यवसायिक किवीतर्फ लागेर आयआर्जजनको माध्यम बनाएको बताए । 'हामीले व्यवसायिक रुपमा किवी खेती गर्न चाहानेहरुलाई आवश्यक परेमा विरुवा उपलब्ध गराउने छौं' अधिकृत भट्टराईले भने । कृषकलाई विरुवा र रोप्नका लागि मल वनले सहयोग गरेको उनले बताए ।

ढोलीमारा किवीको लागि उपयुक्त रहेकाले व्यवसायिक रुपमा लाग्न यहाँका कृषकहरुलाई आग्रह गरेकोमा सोही अनुसार काम भएकोमा डिभिजन वन कार्यालयका रेञ्जर यमलाल पोखरेलले खुसी व्यक्त गरे । उनले परम्परागत मकै खेती गर्दै आएका बारीमा किवी लगाएर कृषकले आर्यआर्जन गर्न थालेको बताए । उनले भने 'विपन्न घर परिवारको लागि कबुलियती वन गतिलो आयआर्जनको माध्यम बन्ने गरेको छ ।' पोखरेलले भने, 'आर्थिक समृद्धिका लागि व्यवसायिक किवी खेतीले महत्वपूर्ण टेवा पुग्नेछ ।' किवी र कबुलियति वन कार्यक्रमले यस क्षेत्रका स्थानीयको जीवनशैलीमा समेत सुधार आएको उनले बताए । यहाँका कृषकले किवी खेतीसँगै घुसुवा खेती पनि लगाउँदै आएका छन् । उनीहरुले मौसम अनुसार खुर्सानी, टमाटर, बण्डा, गोपी लगायतका तरकारी समेत लगाउने गरेका छन् । यस खेतीबाट भएको आम्दानी जग्गाको भाडामा खर्च गर्ने गरेका छन् ।

**के हो किवी ?**

किवीलाई बहुउपयोगी फल मानिन्छ । किवीका विभिन्न ७६ प्रजाति छन् । एक हजार २ सय फिटदेखि माथिको उचाइमा यसको खेती हुने गर्दछ । यसको बजार मूल्य प्रतिकिलो ५ सयदेखि १२ सय रुपैयाँसम्म पर्छ । विभिन्न १२ प्रकारका फलको स्वाद एकै फलमा पाइने किवीको विरुवा पुस महिनामा रोपिन्छ । यसको फल कात्तिकदेखि मंसिर महिनासम्म पाक्छ । रोपेको ३ वर्षबाट उत्पादन दिन सुरु गर्ने सो बिरुवाले लगातार ५० वर्षम्म राम्रो उत्पादन दिने बताइएको छ । चीनबाट उत्पादन सुरु भएको किवीको अहिले विश्वका विभिन्न देशमा व्यवसायिक रुपमा खेती गर्न थालिएको छ । किवीमा सुन्तलामा भन्दा बढी भिटामीन 'सी' र केरामा भन्दा पनि बढी भिटामीन 'ई' पाइन्छ । किबी निकै पोषिलो र औषधीय गुण समेत भएकाले यसको माग विश्वभर बढेको छ । किवी नियमित खानाले पाचन प्रणाली ठीक हुने, मधुमेह नियन्त्रण हुने, लामो समयसम्म जवान देखिने, भिटामिन सीको कमी पूर्ति गर्ने अधिक्तम रुपमा खनिज तत्व पाइन्छ ।

# गाडी भाडा घट्यो, पाल्पा–काठमाडौंको कति ?

**पाल्पा,** साउन २/यातायात व्यवस्था विभागले साउन २ गतेदेखि लागू हुने गरी सार्वजनिक यातायातको भाडा घटाएको छ । पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू भएसँगै मूल्य घटेपछि सार्वजनिक यातायातको भाडा घटाइएको हो ।

स्वचालित प्रणालीले डिजल र पेट्रोलको मूल्य घटाएलगतै यातायात व्यवस्था विभागले पनि भाडा समायोजन गरेको छ । डिजेलको मूल्य घटेकाले गाडी भाडामा पनि समायोजन गरिएको विभागले जनाएको छ । विभागले जारी गरेको सूचनामा यात्रुवाहक सवारीसाधनको झण्डै तीन प्रतिशत घटेको हो । स्वचालित प्रणालीअनुसार डिजेलमा चार र पेट्रोलमा प्रतिलिटर छ रुपैयाँ घटेको छ । त्यसैलाई आधार



बनाएर यातायात व्यवस्था विभागले यात्रुबाहक सवारीसाधनमा दुई दशमलव १३ प्रतिशत, मालबाहक सवारीमा पहाडमा दुई दशमलव ७८ र तराईमा तीन दशमलव ९ प्रतिशतले भाडा घटाएको हो । भाडा समायोजन भएपछि काठमाडौं-तानसेनका लागि ८ सय ६५ भाडादर कायम भएको छ । यस अघि ८ सय ८४ रुपैयाँ रहेको थियो । यस्तै काठमाडौं-हार्थोक (पाल्पा) का लागि ९ सय ५ भाडा दर कायम भएको छ ।

(...बाँकी अन्तिम पेजमा)

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माण बारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## किसानको पीडामा गम्भीर बन

असार–साउनको महिना मानो छरेर मुरी उब्जाउने बेला हो । किसान यतिबेला खेतीपातीमै व्यस्त छन् । उनीहरु एकातिर खेती लगाउने काममा व्यस्त छने भने अर्कोतर्फ 'लम्पी स्किन'को महामारीका कारण पीडामा छन् । 'लम्पी स्किन'का कारण किसानले पालेका गाईभैंसी संक्रमित हुनुको साथै मरेका छन् । देशभर नै यसको संक्रमण फैलिएको छ । संक्रमण फैलिएको चार महिनामा झण्डै ८ लाख पशु संक्रमित भए भने झण्डै २७ हजार चौपाया मरिसकेका छन् । यो किसानको कम्तीमा ३७ अर्बको क्षति हो । क्षतिलाई कसैको गल्ती वा कमजोरीबाट भएको हो भन्न मिल्दैन । सो महामारी नै हो भन्ने कुरा सबैलाई थाहा छ तर पनि महामारीबाट बच्न र यसबाट भएको क्षतिमा राहत दिलाउने कुरामा सरकारको ध्यान भने जान सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । सरकारको प्राथमिकता, दलहरूको मुद्दा र संसद्को बहसमा सर्वाधिक प्राथमिकतामा पर्ने विषय भएपनि त्यसले खासै प्राथमिकता पाउन सकेको छैन ।

वास्तवमा यो समस्या देशव्यापी बनेको छ । यो कुनै पार्टीगत समस्या होइन, सबैको साझा समस्या हो । आफूले पालेका पशु मरेर नोक्सान भएका कारण किसानले व्यावसायिक लाभ लिन त परैको कुरा आफ्नो लगानीसमेत डुबेको छ । असार मास गोरु संक्रमित हुँदा कतिको रोपाइँ नै प्रभावित भएको छ । सरकारको भरपर्दो पूर्वतयारी नहुँदाको मूल्य किसानले चुकाउनुपरेको छ । महामारी फैलिरहँदा पनि गाउँमा भने न औषधोपचार छ, न आवश्यक मात्रामा खोपको व्यवस्था नै । यस्तो अवस्थामा सरकारले लम्पीको रोकथाम, नियन्त्रण वा सकिन्छ भने निराकरणकै लागि विशेष प्रयास गर्नुपर्छ । सरकारले तत्काल महामारी घोषणा गरी धेरैभन्दा धेरै प्राविधिकलाई गाउँ–गाउँ खटाउनुपर्छ । खोप, ज्वरोको औषधि, मल्हमलगायतका आवश्यक सामग्री तत्काल किसानको पहुँचमा पुऱ्याउने काममा सरकारले तदारुकता देखाउनै पर्छ । किसानले ठूलो क्षति व्यहोर्नु परेको छ । त्यसका लागि सरकारले राहतको व्यवस्था समेत गर्नु पर्छ । अहिलेसम्म जे जति क्षति भएको छ अब त्यो भन्दा बढी क्षति हुन दिनुहुँदैन । त्यसका लागि सरकार गम्भीर बन्नै पर्छ ।

## Opinion @ Social Network

जिन्दगीसँगै उमेर ढल्की रहेको छ, समयले आज पनि छलिरहेको छ,
के छ साथी भनी सोध्छौं भने जसोतसो जिन्दगी चलिरहेको छ ।
(विकास आले मगरको फेसबुक स्टाटस https:/www.facebook.com/Bikash.ale.magar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बालेन कार्य शैली आजको आवश्यकता !



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

काठमाडौं नेपालको संघीय सरकारको राजधानी हो तर आजभोली काठमाडौं शहरलाई जनता भन्दैछन् बालेन शहर । नभनुन् पनि कसरी यतिका वर्ष होला की ? भन्ने आशमा अस्त व्यस्त, भिडभाड, फोहोरका थुप्रोमा बसेका काठमाडौवासीलाई छोटो अबधिमै विकासका रुपरेखाहरु देखाउन सफल भैसकेका छन् मेयर बालेन शाहा । प्रविधिमैत्री, समयको माग अनुसारको विकासका समाचारहरुले काठमाडौवासीलाई मात्रै कहाँ हो र ? यसले पुरा देशवासीलाई नै हर्षित र आशाका किरणहरु अनुभुति गराएको छ । बालेनको कार्य शैलीले काठमाडौवासीलाई मात्रै हैन आम जनतामा देश विकासको भावना योजना र दृष्टिकोण भएका नेतृत्वहरु अब आउने छन्, मात्रै अब चार वर्ष कुरौं न भन्ने सकरात्मक सोचको विकास गराएको छ । आममतदाताको सोचमा परिवर्तनको संकेत देखिएको छ । यति थेरै स्रोत र साधनले सम्पन्न हामी असल नेतृत्व र कार्यशैलीको अभावमा माल पाएर चाल नपाएको अवस्थामा कुन देशले सहयोग देला र विकास गरौला भन्ने सोचमा परिवर्तनको संकेत देखिएको छ । अनि सोचमा परिवर्तन गर्न लागि परेका छन् हर्क साम्पाङ्, बालेन शाह । जनता भन्दैछन् देश विकास गर्नु छ । जनताको जीवनस्तर सुधार गर्नु छ भने बालेन कार्य शैली देशको लागि आवश्यकता हो । यसैसँग सम्बन्धित रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

*प्रविधिमैत्री, समयको माग अनुशारको विकासका समाचारहरुले काठमाडौवासीलाई मात्रै कहाँ हो र ? यसले पुरा देशवासीलाई नै हर्षित र आशाका किरणहरु अनुभुति गराएको छ । बालेनको कार्य शैलीले काठमाडौवासीलाई मात्रै हैन आम जनतामा देश विकासको भावना योजना र दृष्टिकोण भएका नेतृत्वहरु अब आउने छन्, मात्रै अब चार वर्ष कुरौं न भन्ने सकरात्मक सोचको विकास गराएको छ । आममतदाताको सोचमा परिवर्तनको संकेत देखिएको छ । यति थेरै स्रोत र साधनले सम्पन्न हामी असल नेतृत्व र कार्यशैलीको अभावमा माल पाएर चाल नपाएको अवस्थामा कुन देशले सहयोग देला र विकास गरौला भन्ने सोचमा परिवर्तनको संकेत देखिएको छ । अनि सोचमा परिवर्तन गर्न लागि परेका छन् हर्क साम्पाङ्, बालेन शाह । जनता भन्दैछन् देश विकास गर्नु छ ।*

निडर, ऐन नियमका परिपालक, स्पष्ट र दिशानिर्देश दृष्टिकोण, योजनाकार, आलोचना सहन सक्ने बालेन्द्र शाहको शैली जनतालाई आर्कषित गर्ने पक्षहरु हुन् । बि.स २०४७ बैशाख १४ गते काठमाडौको नरदेवीमा जन्मेका उनले हवाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटकमा रहेको विश्वेश्वरया प्रौद्योगिकी विश्वविद्यालयबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नाकोत्तर गरेका छन् । वि.स २०७२ को भूकम्प पछि उद्दार तथा राहतको कार्यमा आफुलाई सक्रियरुपमा समाज सेवामा उपस्थिती जनाएका उनले त्यो भन्दा बढी युवा पुस्तामा लोकप्रीय ऱ्यापरको रुपमा छुट्टै पहिचान सहित आफुलाई स्थापित गरिसकेका छन् । वि.स २०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाका मेयरका स्वतन्त्र उम्मेदवारको रुपमा पुरानो स्थापित दल र उम्मेदवारलाई भारी मत अन्तरले पराजित गरेपछि उनको चर्चा युवामा मात्रै सिमित रहेन आम जनमानसमम्म चुलिन पुगेको देखिन्छ । मेयर पदमा निर्वाचितसँगै फरक कार्यशैलीलाई निरन्तरता दिएका उनले करीब १ वर्षको अवधिमा आफु मात्रै चिनिएनन् राजनीति वृत्तमा एउटा छुट्टै अर्थ स्थापित गर्न सफल भएको देखिन्छ । उनकै कार्य शैलीका कारण एकातिर पुराना राजनीतिक दल र नेतृत्वप्रति थप वितृष्णा उत्पन्न भएको देखिन्छ भने अर्को तर्फ गर्ने भनेकै स्वतन्त्र उम्मेदवारले रहेछ भन्ने छाप पनि नमेटिने गरी लेखिएको देखिन्छ । बालेन विकासका कुरामा मात्रै हैन हरेक जल्दाबल्दा विषयमा आफ्नो दरिलो उपस्थिती देखाउने गर्दछन् । धर्म संस्कृतीको संरक्षण, राष्ट्र र राष्ट्रियता, शिक्षा, स्वास्थ्य जस्ता जनमानसलाई प्रत्यक्ष प्रभाव पार्ने क्षेत्रमा उनले उठाएका कदमहरु र कार्य अनुकरणीय नै देखिने गर्दछ । जनप्रतिनिधि भनेको जनताको प्रतिनिधि हुन् ।

जनप्रतिनिधि कस्तो हुनुपर्दछ भन्ने कुरालाई उनले यो छोटो अबधिमा प्रमाणित गराएर देखाइसकेका छन् । यति मात्रै कहाँ हो र यो पाँच वर्षको अवधिमा काठमाडौलाई बस्न लायक प्रमुख शहरको रुपमा स्थापित गर्ने कुरामा आशावादी बनाईसकेका छन् । काठमाडौको सबै भन्दा ठूलो समस्याको रुपमा रहेको फोहोर व्यवस्थापनलाई व्यवस्थित उन्मूख गर्न सफल भएका छन् । अव्यवस्थित फुटपात व्यापार, पार्किङका कारण अनावश्यक भिडभाड देखिने, सर्वसाधरण सहज पैदल यात्रा पनि गर्न नसक्ने काठमाडौका स्थानहरु खुल्ला र फरक स्वरुपमा देखिन थालेका छन् । अस्तव्यस्त ट्राफिक, घण्टौ जाममा बस्नु पर्ने अवस्थामा केहि सुधार भएको देखिन्छ । काठमाडौका मुख्य सडक र स्थानहरुलाई धुलो रहित, रगीचङ्गी हरीयाली बनाउन सफल भैसकेको देखिन्छ । विद्यालयलाई हप्ताको एक दिन शुक्रबार पुस्तकरहित बनाई प्रबिधि मैत्री, सीपयुक्त र व्यवहारीक शिक्षा दिने पक्षको थालनी गर्नु राम्रो पक्षको रुपमा रहेको देखिन्छ । शिक्षा र स्वास्थयमा रहेको सर्वसाधरणको पहुँचका लागि ऐनमा भएको व्यवस्थालाई अक्षरशं पालना गर्ने पक्षमा उनी लागेको देखिन्छ । प्रत्यक्ष सर्वसाधरणले महशुस गर्न सक्ने बाहेक धेरै कार्यक्रम र योजनाहरु उनले थालनी गरिसकेका छन् । आ.ब २०८०/०८१ का लागि वस्तुपरक, व्यवहारिक र कार्यान्वयन योग्य योजना तथा कार्यक्रम प्रस्तुत गरेका छन् । यो वजेट कार्यान्वयनको अन्तिम अवस्थामा पुग्दा काठमाडौ एउटा सुन्दर शहर बन्ने मार्गमा अघि बढ्ने सहजै अनुमान लगाउन सकिन्छ । जनमानसले बजेटको आकार र तय गरेका योजनालाई लिएर भन्ने गरेको पाईन्छ, संघीय सरकारलाई ओझेल पार्ने बजेट ।

बालेनको कुरा र चर्चा गर्दै गर्दा, उनको नाम लिदै गर्दासँगै आउने नाम हो हर्क साम्पाङ, उनले पनि धरानमा एउटा छुट्टै विकासको क्रान्तिको सुरुवात गरिरहेका छन् । यी दुई हर्क साम्पाङ र बालेनलेको कार्य शैली देखेर जनता भन्दैछन् गरे त हुँदो रहेछ नि । यहा स्रोत साधनको अभाव होइन, काम गर्ने इच्छा शक्तिको अभाव पो रहेछ । यी दुवैले विकासमा दुई फरक सिद्धान्तको अभ्यास गरेका छन् यो बाँकी नेतृत्व तहमा पुगेकाहरुका लागि अनुकरणीय पनि रहेको देखिन्छ । राम्रो कार्यको अनुकरण गर्न नेतृत्व हिचकिचाउनु पनि हुँदैन । केहि छिटफुट विरोधका सवाल बाहेक यी दुवैलाई आ-आफ्नो स्थकनबाट व्यापक सहयोग र साथ रहेको सजिलै अनुमान लगाउन सकिन्छ । पुराना राजनीतिक दलको दबदबाह उनीहरुलाई स्वतन्त्रको कार्यशैलीबाट आफु जनता बीच अलोकप्रीय हुने मनोवैज्ञानिक त्रास जसको कारण विभिन्न नाममा सिर्जना हुने समस्या, कर्मचारीतन्त्र पुरानै दल, अदालत परम्परा र पुरानै ऐन नियमकै भर पर्ने त्यसैमा रमाउने, संघीय तथा प्रदेश सरकारहरु स्वतन्त्र अनुकुल नहुनु मुख्य कारणहरु बेला बेलामा बालेन, साम्पाङको योजना र कार्यक्रममा समस्या सिर्जना भइरहेको देखिन्छ । तर पनि समस्यासँग जुधेर कार्य निश्कर्षमा पुऱ्याउनका लागि यी दुई स्वतन्त्र जनप्रतिनिधिहरु सफल भएको देखिन्छ । यहि कारण जनता भन्दैछन् देश विकास गर्न, जनताको दैनीकी र जीवनस्तरमा सुधार गर्न बालेन शैली नै आवश्यक रहे छ । उनीहरु भन्दै छन् बालेन शैली हैन बालेन शाशनको रुपमा यसलाई विकास र विस्तार गर्दै लैजानु पर्दछ । परम्परागत कार्य शैलीलाई चिर्दै बागमतीलाई सफा रुपमा फर्काउन, बास्तविक सुकुम्वासीको पहिचान गरि सुकुम्वासी समस्या समाधान गरी सुकुम्वासी मुक्त नदी किनारा बनाई अगाडि बढ्न, जनस्वास्थयलाई हेरेर विषादी मुक्त फलफुल तरकारी काठमाडौबासीले उपभोग गर्न चुनौती देखिएता पनि त्यो उपलब्धी हासील गर्ने क्षमता भने उनमा रहेको देखिन्छ । बालेन जे बोल्छन् त्यो गर्दछन् भन्ने धारणा काठमाडौवासी जनतालाई मात्रै नभएर पुरा नेपाली जनमानसमा गराएको देखिन्छ ।

केहि आलोचकहरुले बालेन शैली नभएर बालेन शाशन हो भनेता पनि बालेन काठमाडौका मेयर मात्रै होइनन् आम नेतृत्व कर्ताका लागि पथ पर्दशक, आम नागरिकका लागि भरोषाका केन्द्रका रुपमा आफ्नो कार्यकालको छोटो समयमै आफुलाई स्थापित गरि सकेका छन् । विकासका कार्यमा मात्रै होइन सार्वभौम राष्ट्रियता लगायतका जलदाबल्दा विषयमा उनको चट्टानी अडान प्रशंसा गर्न लायक नै देखिन्छ । उनलाई सस्तो लोकप्रियता कमाई कुनै स्वार्थ पुरा गर्नु पनि छैन । मात्रै एउटै उद्देश्य देखिन्छ काठमाडौलाई सफा, सुन्दर र स्रोत साधनले सम्पन्न विश्वकै उत्कृष्ट शहर बनाउनु । यहि उद्देश्य प्राप्तिका लागि उनी लागिरहेको देखिन्छ । उनको यो स्वार्थ रहित कदमहरुमा आम काठमाडौवासी, सरकारका सरोकारवाला निकायहरु तथा राजनीतिक दलका नेतृन्वले साथ दिई अब आउने निर्वाचनमा देशभरबाट हजारौ बालेन, हर्क जन्माउने कार्यमा कदम अगाडि बढाउने की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै कुराले मन प्रसन्न रहने छ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : बन्धु बान्धवबाट सहयोग मिल्ने छ । प्रेममा सफलता प्राप्त हुनेछ । |
| **वृष** : मन सम्हाल्न आवश्यक हुनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । | **वृश्चिक** : दुष्ट व्यक्तिको सङ्गतले आत्मघाती काम गर्न पुगिएला । |
| **मिथुन** : घर परिवार तथा आफन्तबीचको सम्बन्धमा सुधार भएर जानेछ । | **धनु** : माया प्रेममा सामीप्यता बढेर जाने छ । शुभ समाचार सुन्न पाइएला । |
| **कर्कट** : इनाम कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । | **मकर** : अधुरो काम बन्नेछ । धार्मिक र सांस्कृतिक कार्यमा सरिक भइनेछ । |
| **सिंह** : आज मनमा उत्साह छाउने छ । कला प्रभाव बढ्नेछ । | **कुम्भ** : शुभ समाचार सुन्न पाइएला, तर शेयर बजारमा घाटा होला । |
| **कन्या** : मन खिन्न हुने स्थिति आउने छ । कार्य सम्पादनमा सहजता नमिल्ला । | **मीन** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजग रहनु होला । |




# टिकटक र युट्युब हेरेर सीप सिक्दै कैलालीका महिला




कैलालीका महिला मोबाइल चलाएर सीप सिक्न थालेका छन् । महिलाले मोबाइलको सहायताले टिकटक तथा युट्युब हेरेर सीप सिकेर व्यवसायी बनेका छन् । टीकापुरकी पुष्पा पाण्डेले टिकटक र युट्युबको सहायताले सीप सिकेर टीकापुरमै व्यवसाय सुरु गरेकी छन् । पेसाले स्वास्थ्यकर्मी पुष्पाले टीकापुरमा चुरा, पोते र विवाहका लागि आवश्यक सामान उत्पादन थालेकी छिन् । 'मैले टिकटकबाट धेरै सीप सिकेँ, नजानेको कुरा युट्युबको सहायता पनि लिन्छु', उनले भनिन्, 'मैले विवाहको बरमाला, विवाहका लागि चाहिने दुलाहा, दुलहीका सबै सामान तयार गर्न थालेकी छु । मैले सबै सीप सामाजिक सञ्जालको सहयोगमा सिकेकी हुँ, अहिले पनि नयाँ डिजाइन देखेमा युट्युब तथा टिकटकमा हेरेर सिक्छु ।'

सिलाइबुनाइमा इच्छाशक्ति भएकी पुष्पा टीकापुर अस्पतालमा कार्यरत छिन् । साँझ बिहानको समयमा सामान उत्पादन गर्ने पुष्पाको व्यवसाय पनि राम्रै चलिरहेको उनको भनाइ छ । 'बिक्री पनि फेसबुक र टिकटकबाट भइरहेको छ', उनले भनिन्, 'मैले बनेका सामान फेसबुक तथा टिकटकमा राख्छु, भिडियो पनि हाल्छु, अनि माग आउँछ ।' पुष्पाले बनाएका सामान कैलाली मात्र नभई अन्य जिल्ला र विदेश बस्ने नेपालीले माग गर्ने भएकाले विदेशमा समेत पठाउने गरेकी छन् । मानिसले बढी खर्च गर्ने भनेकै लाउन र खानमा हो । नयाँ डिजाइनका पहिरन लगाउन, मीठो खान सबैलाई मनपर्छ । मानिस खानाका विभिन्न परिकार खान्छन्, लगाउने लुगाकपडा तथा गहना, चुरापोतेजस्ता सामान पनि नयाँ फेसनका मन पराउँछन् । पछिल्लो समय महिला सामाजिक सञ्जालको प्रयोग गरेर नयाँ-नयाँ सीप सिक्न थालेकी छिन् ।

विगतका मानिसले विभिन्न सीप सिक्न निश्चित तोकेको ठाउँमा जानुपथ्र्यो । तोकिएको ठाउँमा गएर, शुल्क तिरेर सीप सिक्नुपर्ने बाध्यता थियो । तर पछिल्लो समय परिस्थिति बदलिएको छ । इच्छा भएकाहरू सामाजिक सञ्जाल तथा युट्युबको सहायताले सीप सिकिरहनुभएको छ । टीकापुरकै कृष्णा भण्डारीले केही वर्षअघि केही गरौँ भनी धनगढीमा गएर १० दिन पोते बुन्ने तालिम लिइन् । 'तालिमपछि मैले पोते बुनेर यहाँकै पसलमा बिक्री गर्न थालेँ, खपत राम्रै हुन थाल्यो', कृष्णाले भनिन्, 'केही वर्षअघि सिकेको फेसन आजभोलि चल्दैन, त्यसैले नयाँ डिजाइनका पोते बुन्नुपरेमा टिकटक र युट्युब हेर्ने गरेकी छु ।' कृष्णाले पनि चुरापोते, बरमालाका सबै सामान आफैँले उत्पादन गरेर बिक्री गर्ने गरेकी छिन् । पेसाले शिक्षक रहेककी उनले घरमै पसल सञ्चालन गरेकी छन् । उनले आफूले सिकेको सीप अन्य महिलालाई पनि सिकाउने, विभिन्न पालिकामा प्रशिक्षण दिने गर्छिन् । 'विद्यालयबाहेकको समय सीप विकासमा खर्च गर्छु । सयौँ महिलालाई चुरापोते, बरमाला र स्वीटर बुन्न सिकाएकी छु', उनले भनिन्, 'अरुले उत्पादन गरेको सामान आफूले किनिदिनेसमेत गरेकी छु ।' सामाजिक सञ्जालको प्रयोगका फाइदा-बेफाइदा दुवै छन् । सामाजिक सञ्जाल चलाउँदा नकारात्मक सामग्री हेर्ने गरियो भने मानिसलाई घाटा हुन्छ । चाहिने ज्ञान, सीपमूलक भिडियो हेरियो, त्यसलाई व्यवहारमा उतार्न सकियो भने फाइदा पाएकाहरू पनि धेरै छन् । टीकापुरकी अर्की व्यापारी ममता न्यौपानेले पनि बुनाइका धेरै डिजाइन युट्युब तथा टिकटकबाट सिक्ने गरेकी छिन् । फेन्सी कपडा पसल सञ्चालन गरिरहेकी ममताले पोते, माला र स्वीटर बुन्ने र बिक्री गर्ने गर्छिन् । 'मैले पनि नयाँ पहिरन र फेसनका स्वीटर तथा माला युट्युब र टिकटकबाट सिक्ने गरेकी छु', उनी भन्छिन्, 'यो मोबाइल त धेरै उपयोगी रहेछ । यसमा नभएको केही रहेनछ । यसलाई चलाउन जानेमा धेरै कुरा सिक्न पाइने रहेछ ।' लामो समयदेखि सिलाइकटाइ व्यवसाय गरिरहनुभएकी टेलर व्यवसायी इन्द्रा चौधरीले पनि सामाजिक सञ्जालको भरपुर सदुपयोग गरेकी छिन् । उनले नयाँ फेसनका लुगा सिलाउनुपर्दा मोबाइलको सहायतामा युट्युबबाट हेरेर सिक्ने गरेकी छिन् । 'सुरुमा ससुराले सिलाइ पसल सञ्चालन गर्नुभएकाले मैले उहाँबाटै सीप सिकेकी हुँ', उनले भनिन्, 'आजभोलि नयाँ फेसनका लुगा सिलाउनुपर्छ । नयाँ डिजाइनका लुगा छिट्टै फैलन्छन्', इन्द्राले भनिन्, 'ग्राहकले जस्तो फेसन चाहियो भन्छन्, उस्तै सिलाउन सक्छु । कसैलाई फिर्ता पठाएको छैन । मोबाइलमा हेर्छु अनि यस्तै बनाउन सक्छु ।'

हरेक प्रविधिका सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । अधिकांश मानिस मोबाइल तथा इन्टरनेटमा भुल्दा काम नलाग्ने सामग्री हेरेर भुल्न हुँदैन । मोबाइलको गलत प्रयोग गर्दा दु:ख पाएका, समय बर्बाद गरेका पनि धेरै छन् । कुनै पनि प्रविधि वा मोबाइल चलाउँदा आफूलाई चाहिने कुरामात्र हेर्नु आवश्यक छ । शिक्षक अमर चौधरी इन्टरनेटमा मानिसलाई आवश्यक कुरा हेर्ने र सिक्ने गरेमा जीवनलाई व्यवसायी बन्न सघाउने बताउँछन् । 'मोबाइलको गलत लत लागेका पनि धेरै छन्, यी महिलाले जस्तै मोबाइलको सही प्रयोग गर्न आवश्यक हुन्छ', उनले भने, 'सामाजिक सञ्जाल तथा प्रविधिको सही सदुपयोग गर्न आवश्यक छ । सही सदुपयोग गरेमा सामाजिक सञ्जालमा धेरै काम लाग्ने कुरा पनि हुन्छन् ।' ***-रासस***

# एआईले पत्ता लगायो बुढ्यौली रोक्ने शक्तिशाली अणु



बुढेसकाल कम गर्ने औषधी छिट्टै पाइने अनुमान गरिएको छ किनभने जवान बनाइराख्ने सबैभन्दा शक्तिशाली अणु भेटिएको छ । यसलाई पत्ता लगाएको छ एक आर्टिफिसियल इन्टेलिजेन्सले । अर्थात् एआईले । खासमा कुनै पनि कुराको औषधी खोज्नु निकै कठिन काम हो । यो काममा धेरै मेहनत र समय लाग्छ तर एआईमार्फत अर्थात् मेसिन लर्निङमार्फत् यो काम सहज हुनसक्छ । युनिभर्सिटी अफ एडिनबर्गका इन्स्टिच्युट अफ जेनेटिक्स एन्ड मोलिक्युलर मेडिसिनका शोधकर्ता वेनेसा मेर-बारेटोले एआईको प्रयोग गरेर तीन यस्ता शक्तिशाली अणु पत्ता लगाएको जानकारी दिएकी छिन् । यसले सेनोलाइटिक ड्रग बनाउन मद्दत गर्नेछ ।

यो यस्तो औषधी हो जसले बुढेसकालमा लाग्ने रोगबाट जोगाउँछ । सेनोलाइटिक औषधीले सेनेसेन्ट कोशिकालाई मार्छ । यसले कोशिकालाई जिउँदो राख्छ । छालाको कोशिका सूर्यको किरणले क्षतिग्रस्त हुन्छ । यसले रेप्लिकेसन गर्न अर्थात् आफैँले थप कोशिका पैदा गर्ने प्रक्रिया रोक्छ । जसका कारण यसको असर आसपासको कोशिकामा पर्छ । त्यसपछि यी सबैले रेप्लिकेसन रोक्छ र त छालामा चाउरी पर्न सुरु हुन्छ । छाला लचिलो हुन थाल्छ । झुन्डिन थाल्छ । यो नै बुढेसकालको लक्षण हो । सेनेसेन्ट कोशिका सधैँ राम्रो हुन्छ भन्ने हुँदैन । यसले यस्ता प्रोटिन रिलिज गर्छन् जसले आसपासका कोशिकालाई प्रभावित गर्छ । धेरै समयसम्म यो प्रक्रिया चलिरहँदा पूरा शरीरमा यो प्रोटिन फैलन्छ । यसो हुँदा सूर्यको किरणलाई तपाईं सहन सक्नुहुन्न । सेनेसेन्ट कोशिकाको धेरै मात्राले पनि हानी गर्छ । यसले विभिन्न खालका रोग निम्त्याउँछ जस्तै : टाइप-२ मधुमेह, पल्मोनरी फाइब्रोसिस, अस्टियोआर्थराइटिस र क्यान्सर । मुसाको सेन्सेन्ट कोशिकामा सेनोलाइटिक्स प्रयोग गर्दा उनीहरूलाई रोगबाट बचाउन सकिन्छ भनेर प्रयोगशालामा पुष्टि भइसकेको छ । सेनोलाइटिक औषधीले यी कोशिकालाई मारेर स्वस्थ र रेप्लिकेट गर्ने सेल्सलाई सही सलामत राख्छ । हालसम्म विश्व भरी ८० सेनेलाइटिक औषधीबारे खोजी भइसकेको छ । तर दुई वटा मात्र औषधीको परीक्षण मानिसमा भएको छ । यी औषधी थिए डासाटिनिब र क्वारसेटिनको मिश्रण । यसलाई सेनोलाइटिक मिसाइयो भने अर्को २० वर्षसम्म बुढेसकाल रोक्न सकिनेछ । बुढेसकालसँग सम्बन्धित रोगलाई निको पार्न सकिनेछ । अनुसन्धाता वेनेसा मेर-बारेटोले भनिन्, 'हाम्रा साथीले स्पेनको नेशनल रिसर्च काउन्सिलका वैज्ञानिक नयाँ सेनोलाइटिक केमिकलको खोजी गर्न चाहन्थे । हामी सबैले एक मेसिन लर्निङ मोडल बनाए ताकि नयाँ सेनोलाइटिक ड्रग्सको खोजी गर्न सकियोस् । हामीले मोडलसलाई सेनोलाइटिक र नन-सेनोलाइटिक पदार्थ कुन कुन हुन् ।' त्यसपछि मोडलले ४३४० मलिक्युल्समा २१ वटा उत्कृष्ट मलिक्युल निकालेर दिए । यो काममा पाँच मिनेटको मात्र समय लाग्यो । यो २१ मलिक्युल्सले नै भविष्यमा बुढेसकाल रोक्ने सबैभन्दा उत्कृष्ट औषधी बन्नेछ । यदि यी मलिक्युलको जाँच प्रयोगशालामा हुन्थ्यो भने यसलाई धेरै समय लाग्थ्यो ।

***-रातोपाटी डटकम***

# ओरालो लाग्दै मस्क



अर्बपति एलन मस्क ट्वीटरको किनेपछि ओरालो लाग्ने क्रम जारी छ । गत अक्टोबरमा ४४ अर्ब डलरमा सामाजिक सञ्जाल प्लेटफर्म ट्वीटरको किनेपछि मस्कले आफ्नो विज्ञापन आयको झण्डै आधा हिस्सा गुमाइसकेका छन् । मस्कले कम्पनीले सामना गरिरहेका कठिनाइहरूको बारेमा जानकारी गराउँदै आएका छन् । "विज्ञापनबाट उठ्ने राजस्वमा ५० प्रतिशतको गिरावट र भारी ऋणभारका कारण हामी अझै पनि नकारात्मक नगद प्रवाहमा छौं," अरबपति मस्कले शनिबार ट्वीटमार्फत् बताए ।

"हामीसँग अरू कुनै पनि चीजको विलासिता हुनुभन्दा पहिले सकारात्मक नगद प्रवाहमा पुग्न आवश्यक छ," उनले थपे । 'इन्साइडर इन्टेलिजेन्स'का अनुसार ट्वीटरले सन् २०२३ मा तीन अर्ब डलरभन्दा कम आम्दानी गर्ने अनुमान गरिएको छ, जुन सन् २०२२ को तुलनामा एक तिहाइ कम हो । मस्कले ट्वीटरमा कब्जा जमाएपछि गरेका परिवर्तनहरूले प्रयोगकर्ता र विज्ञापनदाताहरूलाई समान रूपमा बन्द गरिदिएको छ । मस्कले तथ्याङ्क चोरीको चरम स्तरलाई सम्बोधन गर्न भन्दै यस महिनाको सुरुमा ट्विटरको प्रमाणित अकाउन्टहरूबाट एक दिनमा १० हजार ट्वीटहरू पढ्नको लागि सीमित अनुमति दिने घोषणा गर्नुभएको थियो । उनले नि:शुल्क खाताहरू जुन अधिकांश प्रयोगकर्ताहरूले बनाउँदछन् ती गैर-स्थापित प्रयोगकर्ताहरूले प्रति दिन एक हजार ट्वीटहरू मात्र पढ्न सक्ने सीमित प्रावधान ल्याउने र नयाँ अपुष्ट अकाउन्ट भएका प्रयोगकर्ताले ५०० ट्वीटहरू मात्र पढ्नसक्ने गरी सीमित गरिएको घोषणा गरेका थिए । ट्विटरको प्रतिद्वन्द्वीको रूपमा फेसबुकको अभिभावक मेटाले सुरु गरेको एप थ्रेड्सले पहिलो पाँच दिनमा १० करोडभन्दा बढी प्रयोगकर्ता दर्ता गरेपछि यो परिवर्तन आएको हो । यस वर्षको सुरुमा 'ओपन एआई'ले बनाएको कृतिम बौद्धिकता (ए.आई) एप च्याटजीपीटीलाई सक्रिय प्रयोगकर्ताको संख्यासम्म पुग्न दुई महिना लागेको थियो ।

केही अनुमानका अनुसार, थ्रेड्स अब १५ करोड प्रयोगकर्ताहरूमा पुगेको छ । जसमा भारतीय प्रयोगकर्ता सबैभन्दा धरै छन् । इन्स्टाग्रामको लिंकले यसलाई दुई अर्बभन्दा बढी प्रयोगकर्ताहरूको पहुँचमा पुऱ्याएको छ । ट्वीटरका करिब २० करोड नियमित प्रयोगकर्ता रहेको अनुमान गरिएको छ तर मस्कले प्लेटफर्म किनेर हजारौं कर्मचारीलाई बर्खास्त गरेपछि यसले बारम्बार प्राविधिक असफलताको सामना गर्नुपरेको छ ।

***-हाम्राकुरा डटकम***

# चीनले प्रक्षेपण गऱ्यो तरल मिथेनबाट चल्ने विश्वकै पहिलो रकेट



चीनले पहिलोपटक अक्सिजन मिश्रित तरल मिथेनबाट चल्ने विश्वकै पहिलो रकेटको सफलतापूर्वक परीक्षण गरेको छ । जुलाई १२ बुधबारको दिन चीनको एक निजी कम्पनीले विश्वकै पहिलो मिथेन-लिक्विड अक्सिजन रकेट लञ्च गरेको हो । योसँगै चीन मिथेन र तरल अक्सिजनबाट चल्ने रकेट तयार गर्ने पहिलो देश बनेको छ । यस्तो खालको रकेट बनाउने प्रयास अमेरिकाले पनि गरिरहेको थियो तर चीनले सुरुमा बाजी मार्न सफल भयो । उत्तर पश्चिम चीनको जियुकुआन स्याटेलाइट सेन्टरबाट बुधबार बिहान ९ बजे रकेट प्रक्षेपण गरिएको हो ।

सो रकेटको नाम जूक्यू टू क्यारिअर रकेट रहेको छ । रकेटले निर्धारित मापदण्ड अनुरुप आफ्ना सबै टार्गेट पूरा गर्न सफल भएको छ । बेइजिङस्थित निजी अन्तरीक्ष कम्पनी ल्याण्डस्पेसले दोस्रो प्रयासमा यो रकेट तयार पारेको हो । उसले गत वर्ष डिसेम्बरमा गरेको पहिलो प्रयास भने विफल भएको थियो । यो सफलतासँगै अब अन्तरिक्षयान प्रक्षेपणमा नयाँ पुस्ताको रकेटको विकास भएको छ । बुधबारको सफलतासँगै चीन मिथेन इन्धनयुक्त रकेट निर्माणमा अमेरिकालाई पछि पार्न सफल भएको छ । एलन मस्कको स्पेस एक्स र जेफ बेजोसको ब्लु ओरिजिनलाई पनि चिनियाँ कम्पनीले पछि पारेको छ । रकेट इन्धनमा मिथेनको प्रयोगलाई कम प्रदूषकका साथै सुरक्षित, सस्तो र पुन:प्रयोग गरिने रकेटमा उपयुक्त प्रोपेलेन्ट मानिन्छ । स्मरण रहोस् चिनिया अन्तरिक्ष कम्पनी ल्याण्डस्पेस तरल प्रोपेलेन्ट रकेट प्रक्षेपण गर्ने दोस्रो चिनियाँ कम्पनी पनि बनेको छ । यसअघि गत अप्रिल महिनामा अर्को चिनियाँ निजी कम्पनी बेइजिंग तियानबिंग टेक्नोलोजीले मट्टितेल-अक्सिजन रकेट प्रक्षेपण गरेको थियो । यसले इन्धनको पुन:भरण तथा पुन: प्रयोग गर्ने रकेटको विकासमा नयाँ फड्को मारेको थियो । चीन सरकारले सन् २०१४ मा अन्तरिक्ष विज्ञानको उद्योगमा निजी क्षेत्रलाई पनि लगानी खुल्ला गरेसँगै व्यवसायिक अन्तरिक्ष कम्पनीहरुले यो क्षेत्रमा ठूलो लगानी र प्रतिफल हासिल गरिरहेका छन् । ल्याण्डस्पेस पनि सबैभन्दा सुरुमा र उत्कृष्ट लगानी रहेको कम्पनी मध्ये एक हो । ***-अनलाइन खबर डटकम***

# आगोको राँको बालेर लुतो फालियो



**पाल्पा,** साउन २/साउने संक्रातिका दिन आगोको राँको बालेर लुतो फालिएको छ । साउन १ गतेका दिन साँझ घर-घरका छत/आगनबाट आगोको राँको बालेर लुतो फालिएको हो ।

विशेषत: पहाडी जिल्लाका गाउँहरुमा आगोको राँको बालेर लुतो फालिएको छ । आगोको राँका बालेर शरीरमा पुछेर फालेमा वर्षभरीको दु:खकष्ट रोगग्रह जाने र घरमा शान्ति आउने जनविश्वास रहेको छ । यो समयमा राँको बालेर सपरिवार एक गाउँकाले अर्को गाउँका मानिसहरूलाई आफ्नो रोग व्यथा सबै जाओस् भनेर गाली पनि गर्ने प्रचलन छ । घरपरिवारको सुख शान्ति आउने भएकाले साउने संक्रान्ति विशेष रुपमा लिने गरिन्छ । धान रोपाइँको काम सकिएको अवसरमा किसानहरुले साउने संक्रान्ति मनाउने गर्दछन् । महिनाभरी हिलोमा बसेर खेतिपाती गर्नु पर्दा शरीर चिलाउने, खटिरा तथा लुतो आदि आउन सक्ने भएकाले जीउलाई सफा सुग्घर गरी लुतो फाल्ने गरिन्छ । लोकोक्ति अनुसार केटाकेटीलाई दु:ख दिने रातमा हिंड्ने कण्डारक नामको राक्षसलाई मन्सिएर भगाउन बलिरहेको अगुल्टो घरको चारैतिर लुतो लैजा भनेर कराउँदै फालिन्थ्यो । त्यही परम्परा लुतो फाल्ने चलनका रूपमा कायम छ । लुतो फाल्न वा राक्षसको पूजा गर्न भलायोका पात, तिउरी, पानीसरो, देवीसरो, कुकुरडाइनुको लहरो, धसिङ्गरेका बोट,उन्यू जातको नागबेली, कुरिलो, सिउँडी, सिस्नु,जरै सहितको पानीअमला, नासपाती आदि औषधिका रुपमा समेत प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी अगुल्टो फाल्ने गरिन्छ । चारै दिशामा बलेको अउल्टो फ्यांकेर सबै रोगब्यादी लैजा भन्ने गरिन्छ ।

अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यस क्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रमा उल्लेख छ । भलै हिजोआज यो चलन विस्तारै कम भएको छ ।

# इनोभेसनको ठहर : दुध तथा पशु उत्पादनमा वृद्धि

**कृष्ण पोखरेल**



**पाल्पा,** साउन १/नेपाल लाइभ स्टक सेक्टर इनोभेसन आयोजना बुटवलले पाल्पा तथा गुल्मी जिल्लामा सञ्चालित उप आयोजना कार्यक्रमले दुध तथा पशु उत्पादनमा वृद्धि भएको ठहर गरेको छ । आयोजना कार्यालय बुटवलले तानसेनमा गरेको समिक्षा कार्यक्रममा दुध तथा पशु उत्पादनमा वृद्धि भएको र वास्तविक कृषकहरु लाभान्वित भएको ठहर गरेको हो ।

आयोजनाले पाल्पा र गुल्मीमा ४७ वटा सहकारी र ७९ वटा निजी फर्महरु पशुपालन क्षेत्रमा काम गरेको छ । आयोजनाको कार्यकाल असार १५ मा सकिए पनि उप आयोजनाको दीर्घकालिन व्यवस्थापनको लागि आगामी एक बर्षसम्मको लागि परियोजना थपिने भएको छ । यो कार्यक्रम २०७४ फागुनबाट शुरु भई २०७९ असार १५ सम्म पहिलो चरणको कार्यक्रम सकिएको हो । आयोजनाले छनौट गरेको पाल्पा र गुल्मीका सहकारीमध्ये २३ वटाले उत्पादन, ७ वटाले प्रोसेसिङ्ग, २ वटाले संकलन, १५ वटाले मासुजन्य उत्पादन, निजी तर्फ दुध उत्पादन तथा प्रशोधनमा ५४ र मासुजन्य उत्पादन र प्रशोधनमा २५ वटा फर्ममा काम गर्दै आएको छ । आयोजनाले सहकारी तर्फ २६ करोड ९८ लाख लगानी गरेको छ । निजी तर्फ १५ करोड ४२ लाख लगानी गरिएको जनाएको छ । कार्यक्रममा उप आयोजनाका सहभागीहरुले परियोजनाबाट बास्तविक कृषकहरुले फाईदा पाएको बताएका छन् । परियोजनाको कारण दुध र मासु उत्पादनमा वृद्धि भएको, कृषकहरुलाई व्यबसायिक बनाएको, कृषकहरुमा उत्साह थपेको, पशुपालन क्षेत्रमा पनि स्थानीय रुपमा स्वरोजगार बन्दै अन्य व्यक्तिहरुलाई पनि रोजगारी दिएको, कृषकहरुमा आफै प्रस्ताव लेख्न सक्ने र हरहिसाव राख्न सक्ने गरी क्षमता अभिवृद्धि भएको, पशुपालन क्षेत्रमा लाग्ने कृषकहरुको आत्मसम्मान बढाएको, निरन्तर काम गर्ने वातावरण निर्माण गरेको, दुध र मासुमा मुल्य बढ्दो रहेकाले पनि उत्पादनमा नोक्सान नरहेको कृषकहरुले बताएका छन् ।

कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले परियोजनाले व्यवसायिक पशुपालन क्षेत्रमा उत्साह र आत्मबल सहित उत्पादनमा वृद्धि भएको बताए । आयोजनाबाट वास्तविक कृषकहरुले फाईदा पाएको र आगामी दिनमा यस्ता कृषकहरुलाई टिकाउन र विकाउन विभिन्न सरोकारावाल निकायसँग समन्वय गराईदिने प्रमुख खनालले बताए । कार्यक्रममा बगनासकाली सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद भुसाल, गुल्मीका खुमबहादुर पल्ली, लक्ष्मीकुमार भुसाल, लक्ष्मण भण्डारी, पाल्पाका शिवप्रसाद घिमिरे, टेकनाथ पंगेनी, निरबहादुर सारु लगायतले परियोजनाबाट पाएको फाइदाबारे चर्चा गरेका थिए । कार्यक्रममा बुटवल इकाइ आयोजना प्रमुख डा. गान्धीराज उपाध्यायले आयोजनाले गरेका काम, गतिविधी, उपलब्धी, परेका समस्याहरु, पशुपालन क्षेत्रमा बढेको उत्साहको बारेमा चर्चा गरेका थिए । योजना प्रमुख डा.अरुण खनालले सम्झौता अनुसार काम नहुँदा उप आयोजनाहरुले भुक्तानी नपाएको विषयमा चर्चा गरेका थिए । कार्यक्रममा जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारी, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पाका प्रमुख दुर्गाप्रसाद खनाल लगायतले आयोजनाबाट जिल्लाको बाख्रा तथा दुध उत्पादनमा वृद्धि गरेको बताए । कार्यक्रम आयोजना बुटवल इकाइ प्रमुख डा. गान्धीराज उपाध्यायको अध्यक्षता, हरिप्रसाद ज्ञवालीको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

# सिरिज जितेर नेपाल फर्कियो महिला फुटबल टोली



**काठमाडौं,** साउन १/नेपाली महिला फुटबल टोली बंगलादेशसँगको मैत्रीपूर्ण फुटबल सिरिज जितेर सोमबार स्वदेश फर्किएको छ । १९औं एसियाडको तयारी स्वरूप नेपालले महिला फुटबलमा दक्षिण एशियाको बलियो टोली बंगलादेशसँग दुई वटा मैत्रीपूर्ण खेल खेलेको थियो ।

उक्त भ्रमणमा नेपालले पहिलो खेलमा १-१ बराबरीको नतिजा सामना गर्दा दोस्रो खेल टाइब्रेकरमार्फत ४-२ गोलअन्तरले जित्दै सिरिजको ट्रफी उचाल्यो । दोस्रो खेलमा वैकल्पिक गोलकिपरका रूपमा मैदान प्रवेश गरेकी अञ्जना रानामगरले दुई पेनाल्टी बचाएपछि नेपालले रोमाञ्चक जित निकालेको थियो । नेपाली टोलीलाई अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईले स्वागत गरेका थिए । सोमबार स्वदेश फर्किएका नेपाली टोलीले पर्याप्त म्याच एक्सपोजर पाउन सकेमा एसियाडका लागि राम्रो तयारी हुने धारणा राखेका थिए । नेपाली महिला फुटबल टोलीका प्रशिक्षक अनन्तराज थापाले साफको च्याम्पियन टोलीविरुद्ध आृनो टोलीले गरेको जुझारु प्रदर्शनले आगामी खेलमा नेपाली खेलाडीको आत्मबल बढाउने विश्वास व्यक्त गरे । तुलनात्मक रूपमा नेपाली टोलीमा धेरै पक्ष सुधार आएको प्रशिक्षक थापाले बताए । प्रशिक्षक थापाले टोलीमा अझै पनि फिटनेसमा केही समस्या देखिएको बताए । त्यसका लागि उनीहरूलाई जतिसक्दा धेरैभन्दा धेरै म्याच एक्सपोजर दिन आवश्यक रहेको औंल्याए । नेपाली महिला फुटबल टोलीकी कप्तान एञ्जिला तुम्बाप्पो सुब्बालेले एसियन गेम्समा बंगलादेशभन्दा कठिन प्रतिद्वन्दीहरू सामना गर्नुपर्ने भएकाले टोलीमा धेरै सुधार गर्नुपर्ने आश्यकता रहेको बताइन् । उनले अझ पनि माथिल्लो स्तरको टोलीविरुद्ध म्याच एक्सपोजर पाएमा एसियाडको तयारी राम्रो हुने विश्वास व्यक्त गरिन् । नेपाली टोलीकी भरपर्दी स्ट्राइकर सावित्रा भण्डारीले पछिल्ला साफमा भएका गल्तीहरू कम गर्दा बंगलादेशबिरुद्ध जित सम्भव भएको बताइन् ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# नयाँ आर्थिक वर्षसँगै नेप्से परिसूचकमा उच्च अंकले वृद्धि



**पाल्पा,** साउन १/नयाँ आर्थिक वर्ष सुरु भएकै दिन धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४७ दशमलब शून्य सात अंकले उकालो लागेर दुई हजार एक सय ४४ दशमलब १६ मा पुगेको हो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलब ९५ अंकले उकालो लागेर चार सय चार दशमलब १० पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये सोमबार १२ उपसमूहको शेयर मूल्य वृद्धि भएको छ भने एक उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ । कूल ७६ लाख ३४ हजार एक सय ९० कित्ता शेयर रु दुई अर्ब ५६ करोड एक लाख ९१ हजार दुई सय ८८ मा कारोबार भएको छ । जानकारहरुका अनुसार बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउनु तथा नयाँ आर्थिक वर्षको प्रभावस्वरुप बजारमा सकारात्मक प्रभाव पर्न गएका हो । नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १४ करोड ८६ लाख १९ हजार चार सय ५५ बराबरको कारोबार भएको छ । यस्तै हिमालयन लाइफ इन्स्योरेन्स रु १० करोड ८४ लाख ६४ हजार आठ सय ९९, साइन रेसुङ्गा डेभलपमेन्ट बैंक रु सात करोड ७५ लाख १३ हजार छ सय ७२, सोल्टी होटल रु सात करोड ७३ लाख ३२ हजार दुई सय ४८ र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको रु पाँच करोड ११ लाख ७६ हजार एक सय ६३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बिपिडब्ल्यू लघुवित्त र युनाइटेड अजोड इन्स्योरेन्सको शेयर मूल्यमा दस प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । अभियान लघुवित्त नौ दशमलब ८७, सिर्जनशील लघुवित्त सात दशमलब ८० र मल्टिप्रर्पोज लघुवित्तका लगानीकर्ताले सात दशमलब ३२ प्रतिशतले कमाएका छन् ।

यस्तै कुमारी धनवृद्धि योजना आठ दशमलब ३७, सानीमा ग्रोथ फण्ड सात दशमलब ५१, सानीमा लार्ज क्याप फण्ड छ दशमलब २८, बैंक अफ काठमाडौंको ऋणपत्र पाँच दशमलब ८६ र मेगा म्युचुअल फण्डमा पहिलोका लगानीकर्ताले चार दशमलब ६३ प्रतिशतले गुमाएका छन् ।

# गाडी भाडा घट्यो...

...यहाँ यस ९ सय २४ रुपैयाँ रहेको थियो । काठमाडौं-तम्घासको भाडादर एक हजार एक सय ८२ कायम गरिएको छ । यस अघि यो रुटमा एक हजार दुई सय ८ रहेको थियो । यस्तै कलैया-तानसेन, पाल्पा ६ सय ९६ कायम गरिएको छ । यस अघि ७ सय ११ थियो । काठमाडौं-पोखरा-तानसेन, कपिलवस्तु- नारायणगढ एकतर्फी एक हजार ६ सय ६६ कायम भएको छ । यस अघि यस रुटमा एक हजार ७ सय ३ रहेको थियो । यस्तै काठमाडौं-बुटवलका लागि ७ सय ३० भाडा कायम गरिएको छ । यस अघि ७ सय ४६ रहेको थियो । सुर्खेत-पाल्पा-पोखराका लागि एक हजार ५ सय १४ भाडा दर कायम गरिएको छ । यस अघि यहाँ एक हजार ५ सय ४७ रहेको थियो । नयाँ भाडादर लागू भए/नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरी महाशाखाले गर्नेछन् । पेट्रोलियम पदार्थमा पाँच प्रतिशतभन्दा बढी घटबढ भएमा नयाँ भाडादर समायोजन गर्ने वैज्ञानिक भाडादर सम्बन्धी कार्यविधिमा व्यवस्था छ । आइतबार राति १२ बजेपछि लागू हुनेगरी नेपाल आयल निगमले खाना पकाउने एलपी ग्याँस र पेट्रोलियम पदार्थको मूल्य घटाएको थियो । निगमले खाना पकाउने ग्याँसको मूल्य प्रतिसिलिण्डर १० रुपैयाँले घटाएको हो । ग्याँसको मूल्य अब प्रतिसिलिण्डर १ हजार ७ सय ९० रुपैयाँ पर्नेछ । त्यस्तै पेट्रोलको मूल्य प्रतिलिटर ६ रुपैयाँ घटेको छ । डिजलको मूल्य प्रतिलिटर ४ रुपैयाँ घटेको छ । यसैबीच निगमले पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू गरेको छ । अब भारतबाट मूल्य बढेर आउँदा नेपालमा पनि मूल्य बढ्नेछ भने घटेर आउँदा घट्नेछ । भारतबाट १५/१५ दिनमा इन्धनको मूल्य सूची आउँछ । भारतीय आयल कर्पोरेसन आईओसीको ३१ अर्ब बक्यौता रकम भुक्तानी गरेसँगै निगमले इन्धनको मूल्यमा स्वचालित प्रणाली लागू गरेको हो ।


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई